नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
चौतारा, सिन्धुपाल्चोक

फोन: ०११-६२०१२५ (सिन्धुपाल्चोक) ०११-६६५६०४ (काभ्रे)
इमेल: pmamp.piu.sindhupalchok@gmail.com
बेवसाइट: piusindhupalchowk.pmamp.gov.np

पत्र संख्याः-२०८२/८३
चलानी नं.- ४०२

मितीः २०८३।०३।०१

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
सिन्धुपाल्चोक

## आ व २०८२/८३ को भुक्तानी खाता वन्द हुने सूचना।

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत काभ्रेपलान्चोक जिल्लामा आलु सुपरजोन र गाई/भैसी जोन एवं सिन्धुपालचोक जिल्लामा मकै जोन र र गाई/भैसी जोन अन्तरगत छनौट भई सिंचाई पुर्वधार निर्माण, गोठ सुधार/निर्माण, कृषि यान्त्रिकरण सहयोग, मासु निर्यातका लागि राँगा/भैसिं प्रवर्धन, उद्यमशिलता विकास कार्यक्रम लगाएतका अन्य कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि छनौट भई कार्यालयसंग सम्झौता गरेका कृषक समुह/सहकारी/फर्म/उपभोक्ता समितीहरु मध्ये धेरैले सम्झौता पत्रमा तोकिएको म्याद भित्र कार्य सम्पन्न गरि भुक्तानीको लागि फाईल पेश नगर्नु भएको हुँदा यथाशिघ्र कार्य सम्पन्न गरि म्याद थप गर्नु पर्ने यथोचित कारण सहितको निवेदन र आवश्यक कागजात सहित भुक्तानीको लागि कार्यक्रम कार्यान्वयन एकाई सिन्धुपाल्चोक/जोन-सुपरजोन सम्पर्क कार्यालय, धुलिखेल (काभ्रे) मा फाईल पेश गर्नुहुन अनुरोध छ।

आ.व.२०८२/८३ मा सञ्चालित योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक कार्यविधि समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। यद्यपि वर्षादको मौसमको कारणले विद्युत र इन्टरनेट सेवामा आईपर्ने समस्या तथा भुक्तानीको लागि प्रयोग हुने IPFMS सर्भरमा अत्याधिक कार्यचाप हुन गई सर्भर न्युन गतिमा चल्ने जस्ता समस्या हुने भएकोले यस कार्यालयवाट नियमानुसार भुक्तानी लिनु पर्ने कृषक समुह/सहकारी/फर्म/उपभोक्ता समितीहरु एवं अनुदान साझेदारी लाभग्राही र सम्बन्धित सवैले रित वमोजिम सम्पुर्ण प्रकृया पुरा गरी मिती <u>२०८३/०३/१५ गते कार्यालय समयभित्र अनिवार्य कागजातहरु पेश गरी भुक्तानी लिइ सक्नुपर्नेछ</u>।

सो अवधि भित्र भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

२०८३।०३।०१

वरिष्ठ कृषि विकास अधिकृत
(सुरेन्द्र प्रसाद पोखरेल)